## निचोड एवं निश्कर्ष :

१. टिकापुर नगरपालिकावाट योजना तथा कार्यक्रम गर्दा बजेट कार्यान्वयन दीगो विकासको मर्म अनुरुप हुनु पर्ने ।

२. व्यवस्थित ढल निकासका लागि वृहत गुरुयोजना बनाई आवश्यक कार्यक्रम तय गरी समाधान खोज्नु पर्ने ।

३. यस टीकापुर नगरपालिका क्षेत्रको वरीपरी रहेका धनसिहपुर , नारायणपुर·, मुनुवा, दुर्गौली, पथरैया,थापापुर गा.वि.स.का पूर्व तर्फका ८, ६ र ९ वार्ड, जानकीनगर र प्रतापपुर गा.वि.स.समेत एकिकरण गरी/गाभी उप-महानगरपालिका गठन गर्ने सम्वन्धमा तयार पारिएको प्रस्तावना वमोजिम टीकापुर उप नगरपालिका गठन गर्न संपूर्ण राजनीतिक दल, बुद्धिजिवी तथा स्थानीयवासीका तर्फबाट आवश्यक सहयोग एवं समन्वय एवं पहल गर्ने प्रतिबद्धता ब्यक्त गरियो ।

४. भवन आचार संहिता बनाउदा स्थान विशेषलाई ध्यानमा राखी घरको Hight उचाई को निश्चित मापदण्ड बनाई कार्यान्वयन गर्नुपर्ने ।

५. लक्षित वर्गका लागि संचालन गरिने कार्यक्रमहरु थप प्रभावकारी ढंगले संचालन एवं कार्यान्वयन गर्नुपर्ने ।

६. नगरपालिका आ.व. ०७१/०७२ को कार्य सम्पादन मापनको न्यूनतम शर्तमा असफल भएकोमा आगामी दिनमा उक्त विषयलाई सुधार गरी सफल हुन पञ्यास गर्नुपर्ने ।

७. स्थानीय नगरवासीहरुबाट सार्वजनिक कुलोपैनी, सडक, सार्वजनिक जग्गाहरु अतिक्रमित गरी मिचीएको कारण वर्षातको समयमा डुवानको समस्या हुने गरेको हुंदा त्यस्ता अतिक्रमित जग्गाहरु, सडकहरु खाली गर्नुपर्ने र अतिक्रमण हटाउनुमा सवै नगरवासी जिम्मेवार रहनु पर्ने ।

**निश्कर्ष :** आ.व. ०७२/०७३ मा सम्पन्न नगरस्तरीय आयोजना तथा कार्यक्रमहरु समयमानै सम्पन्न गरिएको र लक्ष्य हासिल गर्न सफल भएकोमा सम्पूर्ण उपस्थित सहभागिहरुबाट धन्यवाद ज्ञापन गरिएको साथै समीक्षा गोष्ठीमा प्राप्त राय/ सल्लाह /सुझावहरुलाई आगामी दिनमा मार्गदर्शन बनाई कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

टीकापुर नगरपालिका कार्यालय
टीकापुर, कैलाली

प्रमुख एवं कार्यकारी अधिकृत